# वीरेन्द्रनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

कर्णाली प्रदेश, नेपाल

वीरेन्द्रनगर, सुर्खेत

पत्र संख्याः- २०७७/०७८

मितिः २०७७/०५/२४

## सूचना ।।। सूचना ।।। सूचना ।।।

यस वीरेन्द्रनगरनगरपालिकाले जी.आई.जेड. कोस्थानीय तथा प्रादेशिक आर्थिक विकास (एलपीईडी) परियोजनासँग स्थानिय आर्थिक विकासको लागि सहकार्य गर्दै आईरहेको छ । यसै सन्दर्भमा यस नगरक्षेत्रभित्र दर्ता रही सञ्चालनमारहेका सहकारी तथा उद्यमहरुलाई प्रतिस्पर्धात्मक बिधिबाट परियोजना प्रस्तावनाहरूको छनौट गरी सहयोग प्रदान गर्ने "साना परियोजना सहयोग कोष" कार्यक्रम संचालन गर्न गइरहेका छौं । यस कार्यक्रम अन्तर्गत स्थानीय आर्थिक विकासका लागी छनौट गरिएका मूल्य श्रृंखलाहरू फलफूल तथा तरकारी, बाख्रा, कुखुरा, दुग्ध एवं पर्यटन को प्रवर्द्धन तथा कोभिड १९ र त्यसबाट स्थानिय आर्थिक विकासमा पर्न गएको असरलाई सम्बोधन गर्दै नयाँ उत्पादन वा सेवा सहितका नवीन व्यावसायिक अवधारणाहरूको पहिचानमा सहयोग पुर्‍याउने उद्देश्य रहेको छ ।

यस"साना परियोजना सहयोग कोष"कार्यक्रम मार्फत सहकारी तथा उद्यमहरुले पेश गरेका परियोजना प्रस्ताव को आधारमा अधिकतम५ वटा परियोजनालाई (सहकारी तथा उद्यम बाटकम्तिमा एउटा प्रस्ताव छनौट गर्ने गरी) प्रति परियोजना रु.५ लाखदेखि रु. १० लाख सम्म सहयोग प्रदान गरिनेछ ।

प्रस्तावित परियोजनाहरुको मुल्यांकन निम्न शर्त एवं मापदण्डहरु अनुसार गरिने छ :

१) यस वीरेन्द्रनगर नगरपालिकाभित्र स्थापना, दर्ता गरिएका र सञ्चालनमा रहेका सहकारी वा उद्यमहरू

२) सहकारीहरूको हकमा, कुल प्रस्तावित परियोजनाको कम्तिमा २५% र उद्यमहरूका लागि कम्तिमा ५०% योगदान आवेदकबाट गर्नुपर्नेछ । सहयोग रकम परियोजना एवं व्यवसाय हेरी अधिकतम रु. १,०००,००० मा नबढ्ने गरीप्रदान गरिनेछ ।

३) प्रत्येक सहकारी/उद्यमले केवल एउटा प्रस्ताव पेश गर्न सक्नेछ । यद्यपि,संयुक्त प्रस्तावहरूलाई प्रोत्साहित गरिनेछ ।

४) प्रस्तावित परियोजनाले कोभिड-१९ले ल्याएका आवश्यकताहरू एवं चुनौतीहरूलाई सम्बोधन गर्दै आर्थिक विकास/उद्यम विकासलाई सहयोग पुर्‍याउने उपायहरू निम्न बुँदाहरूसँग सम्बद्ध गराई सान्दर्भिकता प्रमाणित गर्नुपर्नेछ :

- नगरपालिकाका प्राथमिकतासँग मेल खाने परियोजनाहरुलाई प्राथमिकता दिइनेछ ।
  (प्राथमिकताहरु :फलफुल तथा तरकारी, बाख्रा, कुखुरा, दुग्ध, एवं पर्यटन क्षेत्रमा युवाहरुलाई रोजगार प्रर्वद्धन हुने)
- फलफुल तथा तरकारी, बाख्रा, कुखुरा, दुग्ध, एवं पर्यटन को मूल्य श्रृंखला विकासका लागि उत्पादन तथा प्रक्रिया ( Product and Process Innovation)का नयाँ अवधारणाहरूलाई प्राथमिकता दिइनेछ ।
- प्रस्तावित परियोजनाले सहकारी/उद्यमहरूको व्यावसायिक वृद्धिका लागी सहयोग पुर्‍याउनेछ ।
- प्रस्तावित परियोजनाले आर्थिक र वातावरणीय दिगोपना सुनिश्चित गर्नेछ ।
- महिला र स्वदेश फर्केका कामदारहरूसहित विपन्न समूहहरूका लागि आर्थिक र सामाजिक समावेशीकरणमा योगदान पुर्‍याउनेछ ।

५) प्रस्तावक सहकारीहरूमा कम्तिमा २५% सदस्यहरू पछि परेका समुदाय (Disadvantaged Groups) बाट हुनुपर्नेछ ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

# वीरेन्द्रनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कर्णाली प्रदेश, नेपाल
## वीरेन्द्रनगर, सुर्खेत

पत्र संख्या:- २०७७/०७८

६) महिला तथा पछि परेका विपन्न समूहबाट नेतृत्व गरिएका उद्यमहरूलाई प्राथमिकता दिइनेछ ।

उक्त मापदण्डहरु भित्र रही प्रतिस्पर्धामा भाग लिन ईच्छुक सहकारी /उद्यम हरुले यस नगरपालिकाले यस कार्यक्रमको लागि उपलब्ध गराउने परियोजना प्रस्ताव फाराम भरी प्रस्तावसँगै निम्नानुसारका कागजपत्रहरु सहित यो सुचना प्रकाशन भएको मितिले २१ दिनभित्र (२१ औं दिन शनिवार वा बिदा परेमा वा कुनै कारणले कार्यालय बन्द भएमा सो को भोलिपल्ट) आफ्ना प्रस्ताव र आवश्यक कागजात शिलवन्दी गरि वीरेन्द्रनगर नगरकार्यपालिकाको कार्यालयमा आवेदन दिनुपर्नेछ :

- सहकारी / व्यवसाय दर्ता प्रमाणपत्रहरु (२०७७असार मसान्त सम्ममा दर्ता भएको)
- वीरेन्द्रनगर नगरपालिकामा दर्ता/नविकरण
- PAN दर्ता प्रमाणपत्र
- कर छुट वा कर चुक्ता प्रमाणपत्र (२०७६ श्रावण देखि २०७७श्रावण मसान्तसम्म दर्ता भएको सहकारी / व्यवसायको हकमा PAN दर्ता प्रमाण पत्र र २०७६ असार मसान्तसम्म दर्ता भएको सहकारी / व्यवसायको को हकमा कम्तिमा आ व २०७५।७६ सम्मको कर चुक्ता प्रमाण पत्र )
- सहकारीको हकमा कारोवार क्षेत्र खुल्ने कागजातहरु (विनियम को सम्बन्धित पेजको प्रतिलिपि) एवं आ. व. २०७५।७६ साधारण सभाको निर्णयको प्रतिलिपि ।
- वडाको शिफारिस पत्र ।

परियोजना प्रस्ताव फाराम यस वीरेन्द्रनगर नगरपालिका "साना परियोजना सहयोग कोष" कार्यक्रम का सम्पर्क व्यक्ति श्री प्रकाश पौडेल (इमेलprakashskt@gmail.com मो. नं ९८५८०५२७९८.) वा सहकारी तथा समाज कल्याण शाखा, प्रमुख श्री टंक प्रकाश लामिछाने(इमेल tankprakash345@gmail.com मो नं.९८४८०५०३२५।०८३५२०१२८) वा नगरपालिकाको Website : www.birendranagar mun.gov.np मार्फत वा स्थानीय तथा प्रादेशिक आर्थिक विकास (एलपीईडी) परियोजनाका स्थानीय प्रतिनिधि श्री सन्तोष कुमार पौडेल बाट ईमेल santosh.paudel@giz.deमार्फत प्राप्त गर्न सकिनेछ ।

सुचना प्रकाशन मिति: २०७७०५।२४

077/5/24

टिकाराम ढकाल
प्रमुख प्रशासकिय अधिकृत
वीरेन्द्रनगर नगरकार्यपालिकाको कार्यालय, सुर्खेत

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

पुनश्च: अन्य आवश्यक वित्तिय विवरणहरु सम्झौताको चरणमा पेश गर्नुपर्नेछ ।